# लु.वि.फे. नेपाल

"गरीब तथा पीडितका अधिकारको समर्थनको निम्ति"

खबरपत्रिका | www.lwfnepal.org | वर्ष २ | अंक १ | जनवरी–मार्च २००८


# गोल्धाप शरणार्थी शिविरमा आगलागी

## अस्तव्यस्तता बीच आशाको किरण



फेरि घरवार विहीन : अस्थायी शिविरमा भूटानी शरणार्थीहरु

वीणा खरेलबाट

गोल्धाप शरणर्थी शिविर, झापा, ३० फागुण २०६४: झुमा ढकाल पीरले विक्षिप्त देखिन्छिन् । बाउन्न वर्षीया भूटानी शरणार्थी यी महिला आफ्नो परिवारको साथ भूईंमा खाना खान टुक्रुक्क बसेकी थिइन् । यो घटना २०६४ साल फागुण १८ गतेको दिनको हो ।

उनी आफ्ना छिमेकीहरुले ढोकाको संघारबाट चिच्याएर "आगो ! आगो !" भनेको मात्र सम्झिन्छिन् ।

"म नराम्ररी चकित परें । मैले घिस्रिएर भएपनि झुपडी बाहिर जाने कोशिश गरे । तर सकिन । भूईंमा लडेछु । म केही समय त मूर्छित भएछु । मेरै घरबाट आगलागी भएपनि मैले आगो दखिन," भन्छिन् झुमा ।

होस् आएपछि मात्र थाहा पाइन् कि उनी झुपडीबाट टाढा पुगेकी रहिछन् । गोल्धाप शरणर्थी शिविरको एउटा कुनाको थुप्रै झुपडीहरु दनदनी बलिरहेका थिए । उनले मान्छेहरु हतार-हतार आगो निभाउन दौडेको देखिन् ।

उनले दुःख गरेर जोगाएर राखेको जेथा र नगद पनि डढ्यो । "यो भन्दा पनि पीडाको कुरो त के छ भने हामीलाई शरणार्थी समुदायले दोष लगाएको छ । हामीलाई उनीहरु अर्काको बस्तीमा आगो लगाउने अपराधी भन्छन् । हो, आगो हाम्रो घरमा पहिला लाग्यो तर मलाई थाहा छैन कसरी यस्तो भयो," उनी रुँदै भन्छिन् ।

झुमाको १७ सदस्यीय परिवारले आगलागी पछि शरण लिदै आएको घरबाट अलि पर शरणार्थीहरुको एउटा समूह आगलागी कै बारेमा छलफल र टिप्पणी गर्दै छन् । कोहीले अरु शरणार्थीहरुलाई औंला उठाएर दोष लगाउँदै छन् । अरुहरुले भने दुई हप्ता अगाडिको आगलागीको घटनामा कसले कसरी आगो निभ्याउने काम गरे भनेर कुरा गरिरहेका छन् ।

गोल्धाप शरणार्थी शिविरमा भएको भीषण आगलागीबाट हजारौं शरणार्थीहरु फेरि विस्थापित भए । कूल १,५१२ झुपडीहरु मध्ये १,२८४ पूरै डढेका छन् । घर डढेपछि शरणार्थीहरु अहिले अस्थायी पालमा सोही शिविरको हाताभित्रको छेउमा बस्दै आएका छन् ।

अचम्मको कुरा, त्यत्रो ठूलो आगलागीमा कोही पनि मरेनन् । प्रकाशमा आएका ७ जना घाइते शरणार्थीहरुको स्थिति पनि नराम्रो छैन ।

### जीवन जोगियो !

"भाग्यवस् सबैको जीवन बच्यो । म खुशी छु । जीवन पहिलो पंक्तिमा आउँछ । बाँच्यौ भने त सम्पत्ति आर्जन गर्न त सकिहालिन्छ नि," भन्छन् खडानन्द ढकाल । झुमाको छिमेकी खडानन्दको झुपडी पनि आगोले खरानी बनायो । छिमेकीको उद्धार गर्ने क्रममा उनको हातपनि भाँचियो ।

आगलागीको घटना करीब साँझ ६ बजे भएको थियो । "यदि यो घटना अलिक साँझमा वा राति भएको भए मान्छेले ज्यान पनि गुमाउन सक्थे," भन्छन् भवनाथ पौडेल । उनले आगलागीबारे तालिम शिविरमा पहिले नै लिएका थिए ।

"लोभले ज्यान लिन्छ ।" अधिकांश शरणार्थीहरुले आगजनी हुँदा बुद्धि पुऱ्याए र संयमितता अपनाए । उनीहरुले बलिरहेको झुपडीबाट सामान निकालेर अनावश्यक रुपमा आफ्नो जीऊज्यान जोखिममा पार्न चाहेनन् । यो एक कारण हो जसले गर्दा थोरै मात्र घाइते भए र सबैको ज्यान बच्यो, भन्छन् तुलाराम लामिछाने, गोल्धाप शिविरको सेक्टर प्रतिनिधि ।

यसै गरी सावित्रा सुवेदी, शिविरकी लैंगिक विषयकी श्रोत व्यक्ति, लु.वि.फे. नेपालका प्रतिनिधिहरुलाई भन्छिन् कसरी शरणार्थी र प्रहरीहरुले बहादुरीका साथ आगो निभाउने कोशिश गरे र कसरी पीडितहरुको उद्धार गरे ।

"उनीहरुको काम गर्ने शैली र संयोजनको खुबीलाई हेर्दा हामी के भन्न सक्छौ भने यी युवाहरुलाई केही हदसम्म भएपनि आगोसँग लड्ने जुक्ति र उपायबारे ज्ञान छ । अस्तिको प्रकोप भयकंरको थियो । तर उनीहरुले आफ्नो बल र क्षमता देखाए," उनी भन्छिन् ।

बाँच्ने व्यक्तिहरु भन्छन् नजिकै पानी ट्याङ्की भएको धेरै राम्रो भयो । तालिम प्राप्त नगरेका शरणार्थीहरुले बलिरहेको झुपडी भत्काउने कोशिश गरे । तालिम प्राप्त अरु शरणार्थीहरु छिट्टो-छिट्टो पानी ल्याउन हिंडे । अरुले केराको पातले छोपी आगो निभाउन थाले । महिला र केटीहरु पनि जर्कीनका जर्कीन पानी ओसार्दै थिए । यसरी शरणार्थीहरु त्यो दुःखद मानवीय संकटमा कसले कसरी समस्या समाधान गर्न खोजे भन्ने कुरा दोहोऱ्याउँछन् ।

खरानीमा परिणत आफ्नो झुपडीतिर औंला देखाउँदै झुमाको २७ वर्षको छोरो यादव ढकाल भन्छन्, "अझ बढी आगोसँग लड्न सक्ने र आगलागीबाट कसरी जोगिने भन्ने तालिम र कार्यक्रमहरु शिविरभित्र आयोजना गर्नुपर्छ ।" (बाँकी पृष्ठ ४ मा)

# अधिकार वृत्तनाटक

२०६४ साल फागुण ७ गते मानव अधिकारहरुको विश्वव्यापी घोषणाको विषयमा आधारित वृत्तनाटक काठमाडौंमा सर्वप्रथम २५० जना मानव अधिकारकर्मीहरु, कुटनीतिक प्रतिनिधिहरु र अन्य महानुभावहरुले हेरे । यसै दिन यो नाटक सार्वजनिक गरिएको थियो ।

"अधिकारको अभ्युदय" नामक ३५ मिनेटको उक्त वृत्तनाटक नेपाली मानव अधिकारको फाँटमा नयाँ किसिमको कोसेली हो । "अन्तर्राष्ट्रिय तहमा कुरा गर्दा पनि विश्वव्यापी मानव अधिकार-हरुको घोषणालाई केही विद्युतीय साधनहरु मार्फत मूर्तता दिएका वृत्तचित्रहरु भएपनि यस किसिमको वृत्तनाटक मेरो विचारमा अझ बनेको छैन । यो वृत्तनाटक नै पहिलो हो," भन्छन् यदुलाल श्रेष्ठ, लु.वि.फे. नेपालको मानवअधिकार र पैरवी संयोजक ।

लु.वि.फे. नेपाल ईनह्यूरेड इन्टरनेशनल (INHURED International) र पप्यूलेशेन वाच् (Population Watch) संस्थाहरुको साझा पहलमा निर्मित उक्त नेपाली भाषामा तयार परिएको वृत्तनाटकमा अंग्रेजी उल्थापनि दिइएको छ । उक्त वृत्तनाटक विश्वव्यापी मानव अधिकारको घोषणाको ६० औं वार्षिकोत्सवको अवसर पारेर तयार गरिएको हो ।

नेपालस्थित मानव अधिकारको उच्च आयुक्तको कार्यलय प्रतिनिधि रिचार्ड बेनेटले निर्माताहरुलाई वृत्तनाटक निर्माण गरेकोमा बधाई र धन्यवाद ज्ञापन गर्नु भयो । मानव अधिकारको बारेमा जनचेतना जगाउन उक्त वृत्तनाटक एक अमूल्य सामाग्री हुने कुरा उहाँले औंल्याउनु भयो ।

लु.वि.फे. नेपालका प्रतिनिधि मार्सेलिन पी. रोजारियोले दर्शकहरुलाई आफ्ना सुझावहरु र टिप्पणीहरु पठाएर उक्त सामाग्रीको स्तर बढाउन अनुरोध गर्नुभयो ।

"हामीले यसलाई [वृत्तनाटक] मानव अधिकार सम्बन्धी सूचना, शिक्षा र संचारको महत्त्वपूर्ण सामाग्री मानेका छौं । हामीले यसलाई अधिकारवालाहरु र कर्तव्यपालकहरुको ठूलो समुदायमा–स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म–देखाउने योजना गरेका छौं," उहाँले भन्नुभयो ।

# पैरवी सामाग्री




लु.वि.फे. नेपालले अधिकारवालाहरु र अधिकारवादीहरुको आवाज बुलन्दपार्ने उद्देश्यले दुईवटा किताबहरु प्रकाशित गरेको छ । एउटा किताबमा "ठूला ६ वटा सन्धिहरु" (CAT, CEDAW, ICCPR आदि) को संगालोको अनुवाद समावेश गरिएको छ । अर्को नयाँ प्रकाशन "शरणार्थी सरोकार" मा अदालतका निर्णयहरु, शरणार्थी महासन्धिहरु र शरणार्थीको विषयगत विकास जस्ता कुराहरुलाई ठाउँ दिइएको छ । अदालतका निर्णयहरुलाई समावेश गरिएको कारण यो किताब अरु शरणार्थी सम्बन्धी प्रकाशनहरु भन्दा भिन्न छ । उक्त किताबहरु नेपाल बार एसोसियशन, कानून क्याम्पस, काठमाडौं स्कूल अफ ल, मानव अधिकार कार्यकर्ताहरु र साझेदार संस्थाहरुलाई दिइने छ ।

साहारा नेपालसँगको संयोजकत्वमा लु.वि.फे. नेपालले संविधान सभा सम्बन्धी शिक्षा जनतालाई दिन पोष्टरहरु प्रकाशन गरी लक्षित समूहमा वितरण गऱ्यो ।

## लु.वि.फे. डेस्क

### आर्थिक स्रोत

यस संस्थाको वार्षिक आय सन् २००७ मा साढे रु. ३६ करोड जति पगेको थियो । सन् २००६मा करीब साढे रु. २८ करोडको आम्दानी देखिएको थियो । यो आर्थिक वृद्धिको श्रेय ए. सी. टी. आकस्मिक कोष (ACT Emergency Fund) मार्फत प्राप्त रु. तीन करोड बीस लाखलाई जान्छ । सो रकम बाढीबाट प्रभावित दक्षिण नेपालका बासिन्दालाई राहत र सहयोग पुऱ्याउने कार्यमा खर्च गरियो । यसै गरी झापा र मोरङ जिल्लाहरुमा यस संस्थाद्वारा संचालित भूटानी शरणार्थी परियोजनालाई प्राप्त थप तीन करोड २० लाखको रकमले पनि आयलाई बढाउन मद्धत पुऱ्यायो ।

संस्थाको मूल कार्यक्रमको रुपमा चिनिने नेपाल विकास कार्यक्रमलाई धेरै दातृ संस्थाहरुले सहयोग पुऱ्याउँदै आएका छन् । सन् २००७ मा यस कार्यक्रमको कूल खर्च छ करोड ४० लाख रहेको थियो ।

अस्ट्रेलियन लुथरन वर्ल्ड सर्भिस, ड्यान चर्च एड (डीसीए), इभ्यान्जलिकल लुथरन चर्च अफ अमेरिका (इएलसीए), फीन चर्च एड (एफसीए), नर्वेजीयन चर्च एड (एनसीए) र इन्टरचर्च अर्गनिजेशन फर डिभेलोप्मेन्ट (आईसीसीओ) सन् २००७ मा मुख्य श्रोत साझेदार संस्थाहरु थिए । अहिलेको आईसीसीओको सहमती २००८ मा सकिन्छ । यस पछिको सहयोगको बारेमा छलफल गर्न बाँकी छ ।

पहिले जस्तै एनसीएले मानव बेचबिखन विरुद्ध सहित क्रियाकलापमुखी कार्यक्रमलाई थप रकम जुटायो । एफसीएले पनि कर्मचारीको क्षमता अभिवृद्धि गर्ने हेतुले आर्थिक योगदान पुर्यायो । यस किसिमको क्रियाकलाप दाताको परिप्रेक्षबाट नयाँ खालको थियो । यूएनएचसीआर (UNHCR) र डब्लुएफपीले (WFP) शरणार्थी परियोजनाहरुलाई आर्थिक श्रोत प्रदान गर्यो । सबभन्दा ठूलो दातृ संस्था, यूएनएचसीआरले रु. १४ करोड ७२ लाख भूटानी शरणार्थी र नेपालका नयाँ अगन्तुक तिब्वतीहरु सम्बन्धी परियोजनाहरु संचालन गर्न लु.वि.फे. नेपाललाई प्रदान गर्यो । तिब्बती परियोजनाले यूएनएचसीआर र अरु स्रोतहरुबाट प्राप्त सहयोग रकम करीब एक करोड एकाउन्न लाख रुपैयाँ हुन आउँछ ।

डीपएको (DipECHO) र यूरोपेली संघको सहयोगमा संचालित दुईवटा परियोजनाहरु सन् २००७ मा पूरा भए । यूरोपेली संघ र डीसीएद्वारा सहयोग प्राप्त दलित सशक्तीकरण कार्यक्रम पश्चिम र मध्य नेपालमा संचालन भइरहेका छन् ।

फोटोभ्वाईसले (Photo Voice) आर्थिक र प्राविधिक सहयोग युवा शरणार्थी कार्यक्रमलाई पुर्यायो । यस दातृ संस्थाले भूटानी शरणार्थी शिविरहरुमा फोटो खिच्ने तालिम पनि दियो । फोटो प्रशोधन केन्द्र पनि यसले एउटा शिविरमा स्थापना गरेको छ । जे.एस. फाउन्डेशन जापानले सूर्यको किरणबाट बल्ने बत्तीहरु शिविर भित्रका बाटोहरुमा लु.वि.फे. नेपालको सहयोगमा जडान गरिदिएको छ ।

हाल सहयोग गर्दै आएका स्रोत साझेदारहरुले लु.वि.फे. नेपालको परियोजना संचालन गर्ने राष्ट्रिय योजनालाई आधार वनाएर सहयोग प्रदान गर्ने संकेत दिएका छन् ।

अरु थप दातृ साझेदारहरुसँग संभावित सहकार्यको पनि अन्वेषण सन् २००७ मा गरिएको थियो । यो कार्य जारी छ । यसै सन्दर्भमा संस्थाभित्र स्रोत परिचालन समिति गठन गरियो ।

लु.वि.फे. नेपालको प्रतिनिधि र उच्चस्तरीय कर्मचारीहरु यस समितिमा छन् । नियमित रुपमा बस्ने छलफल कार्यक्रममा समितिका सदस्यहरुले स्रोतको अधिकतम उपयोग र वृद्धि जस्ता विषयलाई उठाउँछन् र कार्यसूची तयार पार्ने गरेका छन् ।

## दलितहरु क्रमिक रुपमा सशक्त भइरहेका छन्

दलित सशक्तीकरण कार्यक्रमले दलितहको गरीबी र असमावेशी स्थितिको मूल कारणलाई सम्बोधन गर्ने जमर्को गरेको छ । व्याप्त गरीबी र असमावेशी, उनीहरुको श्रोत/साधनमा कतिको पहुँच छ, सूचना र सहभागिता पनि कुन हदसम्म छ भन्ने कुरामा झल्किएको छ ।

सन् २००६ को शुरुवातदेखि यो कार्यक्रम पाँचवटा जिल्लाहरुमा (अछाम, डोटी, कैलाली,बाँके र ललितपुर) तीनवटा स्थापित राष्ट्रिय दलित गैरसरकारी संस्थाहरुको साझेदारमा कार्यन्वयन भइरहेको छ । दलित कल्याण संघ, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ र महिला दलित संघ यसका साझेदार संस्थाहरु हुन् ।

यो कार्यक्रमको लक्ष्य करीब ५३,००० दलित सहभागीहरुको (६०% महिला) जीवन स्तर र सामाजिक मान्यतामा सुधार ल्याउनु रहेको छ ।

**बुँदागत रुपमा:**

- उपयुक्त आर्थिक गतिविधिमा उनीहरुलाई घरायसी सामूहिक तहमा सहभागी गराएर ।
- दलित गै.स.स. र स्थानीय तहका समूहरुलाई उनीहरुको संगठन र विकास कार्यक्रमको व्यवस्थापन गर्न सक्षम बनाउने ।
- दलितहरुको चेतना र आत्मसम्मान बढाउने; अर्थपूर्ण सामाजिक कार्य तथा साक्षरताबाट र बृहत् समुदायको पनि दलितहरु प्रतिको धारणामा सुधार ल्याउने ।
- दलितहरु र गैर-दलितहरु माझ प्रभावकारी जनचेतना ल्याउने; राज्यव्यवस्थापन प्रक्रियामा दलित संस्थाहरुको प्रभाव पार्न सक्ने क्षमताको अभिवृद्धि गर्ने ।

मानिसहरु आफ्ना अधिकारको बारेमा बढी सचेत भएको खण्डमा उनीहरुको स्रोतमा पहुँच र नियन्त्रण पनि बढ्छ । सन् २००७ मा उनीहरुको गाउँ विकास समितिमा (गा.वि.स.) उल्लेख्य रुपमा स्रोत र साधनमा पहुँच बृद्धि भएको पाइयो । कर्मचारी-वोर्ड सदस्यहरु, सहजकर्ताहरु र समुदायमा गरिने अधिकारमा आधारित पद्धतिको गहिरो मनन अधिकार प्राप्तिको लागि चाहिने मूलभूत तत्वको रुपमा लिन सकिन्छ । स्थानीय तहमा आफ्नै पहलमा गठन भएका दबाब समूहहरु हिंसा र भेदभावका घटनाहरुको निगरानी राख्ने बलियो निकाय बन्न सक्छ । यिनै हुन् यस कार्यक्रमले सन् २००७ मा सिकेका मूख्य पाठहरु ।

**२००७ का मुख्य गतिविधिहरु:**

- ५०२ समूहहरु, ९,४०३ सदस्यहरु सहित (७,७०१ दलित, ७,९९२ महिना), नियमित बचत तथा ऋण कार्यक्रममा सहभागी भइरहेका छन् ।
- ११० सामाजिक साक्षरता कक्षाहरु संचालन भयो ।
- ७४ वटा व्यापार/उद्योग साक्षरता विषयक कक्षाहरु सामुदायिक तहमा संचालन भए ।
- ६,४५७ व्यक्तिहरुले ९६ वटा साना सिंचाइ तथा पानी आपूर्ति योजनाहरुबाट लाभान्वित भए ।
- १२१ वटा तालिम कार्यक्रमहरु साझेदार कर्मचारी, स्थानीय सहजकर्ताहरु र समूह सदस्यहरुका लागि आयोजना गरियो । संविघान सभा, लैंगिक र सशक्तीकरण, पैरवी सीप, सामूहिक क्षमतावृद्धि र सामाजिक लेखा परीक्षण जस्ता विषयहरु तालिमले समेटेका थियो ।
- विभिन्न किसिमका कृषि सामाग्रीहरु जस्तै खसी/बाखा र बीउ ४८४ घरधुरीहरुलाई वितरण गरियो ।
- जीविकोपार्जन सीप विकास सम्बन्धी ६९ वटा तालिम कार्यक्रमहरु संचालन गरियो । (जस्तैः काठको काम, सिलाइ, तरकारी खेती र पशुपालन)
- ८७ चेतना अभियानहरु भेदभाव विरुद्ध र लैंगिक हिंसालाई लक्षित गर्दै संचालन गरियो । (जस्तैः सडक नाटक, सांस्कृतिक प्रदर्शन, लोकगीत प्रतिस्पर्धा आदि)



दलित बाबु र छोरी आफ्नो सानो पसलभित्र

## समाचार संक्षेप

# अनुगमन प्रणाली

संस्थाका वरिष्ठ कर्मचारीहरुलाई अनुगमन प्रणालीबारे चर्चा र छलफल गराउने क्रममा काठमाडौंमा दुई दिने कार्यशाला गोष्ठी २०६४ चैत ६ गते आयोजना गरियो ।

स्वीस् परामर्शदाता डा. एल्डो बेनिनीले १६ जना कर्मचारीहरु सहभागी भएका उक्त कार्यशाला गोष्ठीको संचालन गर्नुभएको थियो । कार्यशाला गोष्ठीको मुख्य उद्धेश्य प्रचलनमा रहेको संस्थाको अनुगमन प्रणाली र साझेदारहरुको र संस्थाको नयाँ राष्ट्रिय रणनीतिले जन्माएका अपेक्षाहरुको निदान गर्नु थियो ।



कार्यशाला गोष्ठीले भविष्यमा निर्माण गरिने नयाँ अनुगमन प्रणालीका सम्बन्धित तत्वहरु र तिनीहरुका सम्बन्धहरु औंल्याउनुका साथै लु.वि.फे.का आवश्यकताहरु, साझेदारहरुको लक्ष्य र आन्तरिक क्षमताको बारेमा समीक्षा गर्यो ।

गोष्ठीको पहिलो दिन सुधारिएको अनुगमन प्रणालीको लागि आवश्यक पक्षहरु र त्यसको उद्धेश्य र दृष्टिकोण तयार पार्ने काम भयो । दोस्रो दिन अवलोकन र विचारविमर्श गरी कसरी कम गर्ने र सन् २००८ मा ल्याइने सुधारिएको प्रणालीको मुख्य तत्वहरुलाई औंल्यायो ।

यसै सम्दर्भमा एउटा छुट्टै साढे तीन दिनको ११ जाना कार्यक्रम र संचार प्रविधिका अधिकृतहरु सम्मिलित तालिम संचालन २०६४ साल चैत १० गतेदेखि गरियो । तथ्याङ्क व्यवस्थापन र विश्लेषण विषयक उक्त तालिम कार्यक्रमका प्रशिक्षक डा. बेनिनी हुनुहुन्थ्यो । कर्मचारीहरुले तथ्याङ्क व्यवस्थापन गर्ने तरिकाहरु र विश्लेषणका साधानहरुबारे ज्ञान हासिल गरे ।

# सहमतीमा हस्ताक्षर

लु.वि.फे. नेपाल तथा समाज कल्याण परिषद्का प्रतिनिधिहरुले पाँचवर्षको लागि साधारण सहमतीपत्रमा हस्ताक्षर गरे । उक्त सहमती २०६४ साल पौष १७ गतेदेखि लागू हुने गरी भएको थियो । तीनवटा परियोजना सहमतीहरु भने बैशाख/जेठ महिना भित्र हुने आशा गरिएको छ ।



लु.वि.फे. नेपालले जेनेभास्थित लुथरन विश्व फेडेरेशन/विश्व सेवा विभाग र नेपालस्थित समाज कल्याण परिषद्ले अनुमोदन गरेका कार्यक्रमहरु र परियोजनाहरु संचालन गर्छ ।

सन् २००७ मा लु.वि.फे. नेपालले ४९ वटा कार्यक्रम-परियोजनाहरु ३८ वटा साझेदार संघसंस्थाहरुसँग मिलेर कार्यन्वयन गर्यो । मुलुकका १३ वटा जिल्लाहरु गरी पश्चिम क्षेत्र बाहेक सबै विकास क्षेत्रहरुमा लु.वि.फे. नेपालका ठूला र साना कार्यक्रमहरु पुगेका छन् ।

# पारिवारिक वनभोज

एकै छिन विश्राम लियौं है । हाम्रा सहकर्मीहरुका बच्चा-बच्चीहरु रमाइलो मान्दै खेलिरहेका छन् भने अभिभावकहरु उनीहरुलाई हेर्दै छन् ।



लु.वि.फे. नेपालका कर्मचारीहरु आफ्ना परिवारहरुसँग २०६४ साल माघ १९ गते थानकोटमा आयोजित वनभोजमा सरिक भए ।

# कर्मचारी पुनर्संचना

संस्थाको नयाँ ६ वर्षीय राष्ट्रिय रणनीति (सन् २००८-२०१३) कार्यन्वयन गर्ने सिलसिलामा लु.वि.फे. नेपालले कर्मचारीको पुर्नसंरचना गरेको छ ।

नयाँ संस्थागत कर्मचारी तालिकामा जिल्ला सल्लाहाकारहरु, विषयगत संयोजकहरु र अधिकृतहरु, सूचना प्रणाली व्यवस्थापन अधिकृत र आन्तरिक लेखा व्यवस्थापक जस्ता पदहरु सम्मिलित छन् ।

सन् २००८ को शुरुदेखि लु.वि.फे. नेपालले मध्यस्थ गैर-सरकारी संस्थाहरुसँग घट्दो साझेदारी र समुदायमा आधारित संस्थाहरु र उनीहरुका महासंघहरुसँग बढ्दो सहकार्य गरी नयाँ कार्यक्रमहरु चलाउने विधि अपनाएको छ ।

# मानव बेचबिखन

मानव बेचबिखनका मुद्धाहरुलाई सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकता लु.वि.फे. नेपालले ठानेको छ ।

मध्य नेपालमा लु.वि.फे. नेपालले सानो स्तरमा भएपनि मानव बेचबिखन विरुद्धको कार्यक्रम ल्याएको छ । यसलाई सन् २००८ मा विस्तृत पार्ने योजना छ ।

सन् २००७ मा साझेदार संस्थाको सहयोगमा सुरक्षित स्थानान्तरण सम्बन्धी सूचना ईकाई रामेछाप जिल्लामा खोलियो । यस सूचना प्रवाह कार्यक्रमले चारवटा गा.वि.स. हरु समेटेको छ । नर्वेजीयन चर्च एडको रु. २१,१२,०००को आर्थिक अनुदानको कारण अर्को एउटा गा.वि.स. थपिने भएको छ । साथी शिक्षाद्धारा लक्षित समूहहरुमा चेतना फैलाउने काम भइरहेको छ ।

सीबीओः समुदायमा आधारित संस्था
सीबीएनजीओः समुदायमा आधारित गैरसरकारी संस्था
सीबीएनजीओएफः सीबीएनजीओको महसंघ
गैससः गैरसरकारी संस्था

# कार्यक्षेत्रहरु र साझेदारहरु

| क्र.सं. | लिल्ला | गैसस/सीबीएनजीओ/सीबीएनजीओएफ | समूह सदस्यहरु/सीबीओ/मूल समिति |
|---|---|---|---|
| १ | डोटी | उपेक्षित समुदाय सशक्तीकरण तथा विकास मञ्च | समूह सदस्यहरुः ४,७८३<br>नयाँ समाज निर्माण संस्था;<br>समाज सेवा केन्द्र; जागृती समाज संस्था;<br>बसुधरा गाउँ विकास समिति; खप्तड उपेक्षित जनसेवा संघ;<br>सगरमाथा विकास केन्द्र; जनउत्थान सेवा संघ, प्रगतिशील समाज;<br>समुदायिक जनउत्थान समिति; ग्रामीण जनसरोकार संस्था |
| २ | डडेलधुरा, डोटी, कञ्चनपुर, दार्चुला, बैतडी, बझाङ्ग, बाजुरा | राष्ट्रिय हलिय मुक्ति समाज | समूह सदस्यहरुः १,१०७<br>जिल्ला हलिया मुक्ति समाज (७) |
| ३ | कैलाली | सीबीओ विकास केन्द्र | समूह सदस्यहरुः ३,१७८<br>सशक्तीकरण मूल समिति; स्वयं जागृती समाज; पीडित मुक्ति समाज;<br>समाज सेवा समिति; एकता समाज सेवा |
| | | कमैया प्रथा उन्मूलन समाज | समूह सदस्यहरुः २,५०८<br>मुक्त कमैया मूल समिति (१०); कृष्ण मूल समिति;<br>ज्योति मूल समिति |
| | | दीगो विकास समाज | समूह सदस्यहरुः २,७५०<br>चेतनशील समाज; जनउत्थान समाज; गरीब उत्थान समाज;<br>प्रगतिशील समाज; धनसिंहपुर एकता समाज |
| ४ | बाँके | त्रिवेणी विकास समाज | समूह सदस्यहरुः १,६९२<br>नमूना सामुदायिक मूल समिति; संगम विकास मूल समिति;<br>अन्नपूर्ण सामूहिक मूल समिति |
| | | जनएकता समाज | समूह सदस्यहरुः १,१०५<br>कञ्चनजंगा मूल समिति; जनकल्याण मूल समिति |
| | | जनजागरण समाज | समूह सदस्यहरुः २,४३०<br>समाज विकास मूल समिति; सृष्टि मूल समिति;<br>जनशक्ति मूल समिति; जनविकास मूल समिति;<br>सृजना मूल समिति; जनहित मूल समिति |
| ५ | ललितपुर | स्टेप नेपाल | समूह सदस्यहरुः ७५०<br>साथी सूचना केन्द्र (२); किशोरी सूचना तथा परामर्श केन्द्र (१);<br>लुबु युवा (साथी) सूचना केन्द्र (१) |
| | | वतावरण तथा कृषि नीति अनुसन्धान, प्रसार एवम् विकास केन्द्र | समूह सदस्यहरुः ५०७ |
| ६ | रामेछाप | विकास आयोजना सेवा केन्द्र, नेपाल | समूह सदस्यहरुः १,७३० |
| ७ | मोरङ्ग | जनविकासकालागि छहारी मिलन केन्द्र<br>ग्रामीण सामुदायिक विकास केन्द्र<br>सामाजिक सचेतना विकास समूह | समूह सदस्यहरुः १,२९०<br>समूह सदस्यहरुः ९३५<br>साथी शिक्षकहरुः १,०२७ |
| ८ | झापा | सामाजिक न्यायका लागि एकीकृत समूह<br>सामाजिक विकास परिचालन केन्द्र<br>सामाजिक विकासकालागि एकीकृत समूह<br>साहारा नेपाल<br>सामाजिक सचेतना विकास केन्द्र | समूह सदस्यहरुः ६०३<br>समूह सदस्यहरुः १,१४१<br>समूह सदस्यहरुः १,१२२<br>समूह सदस्यहरुः १,१२२<br>साथी शिक्षकहरुः २,०७० |

## सामुदायिक आवाज

# सन्थाल महिलाले बाटो देखाइन्

बसन्त कार्कीबाट

उनी १५ वर्षकी हुँदा उनले आफ्नो आमाबाबुको इच्छा विरुद्ध प्रेम विवाह गरिन् । सीमान्तीकृत सन्थाल जातिको परिवारमा जन्मेपनि उनी सानैदेखि निडर स्वाभावकी थिइन् ।

उनको नाम सोनु मुर्मु हो । यी ३४ वर्षीया महिलाका दुई सन्तानहरु छन् ।

विवाहपछिका दिनहरु त्यत्ति सुखी र सहज भएनन् । उनको सम्बन्ध कुनै दीगो जीविकोपार्जनको श्रोत नभएको १० सदस्यीय परिवारसँग गाँसियो । सोनुले पनि कडा दैनिक ज्यालादारी मजदुरी गर्नुपर्‍यो ।



सोना (दायाँ) आफ्नो छोरीसँग

विविध कठिनाइहरुका बाबजुदपनि उनले आफ्नो हौसला गुमाइनन् । उनकै प्रोहोत्सानबाट श्रीमान्ले थोरै आयबाट भएपनि पैसा बचत गर्ने बानी बसाले । यसैबाट सोनुलेपनि स्थानीय बचत समूहमा सहभागी हुन सकिन् ।

आज उनी २० सदस्यहरु रहेका एक समूहकी अगुवा तरकारी उत्पादकको रुपमा चिनिन्छिन् । तरकारी बेचेर उनले करीब रु. ६०,००० वार्षिक आम्दानी गर्छिन् । अहिले उनी घरकी गौरवशाली एक मात्र अन्नदाता बनेकी छिन् । उनको श्रीमान्ले चालक पेशा छोडेर तरकारी खेतीमा उनलाई सघाउन थालेका छन् । तरकारी खेतीबाट नै उनको घर चलेको छ । उनका दुवै बच्चाहरु पाठशाला जान्छन् ।

हालसालै उनले एउटा गाई किनिन् र घरको छतमा जस्तापाता राखिन् । उनी छवटा समूहरुको सदस्य छिन् । यी समूहहरु मार्फत उनले प्रति महिना रु.४०० जम्मा गर्छिन् । उनको जीवनशैलीको रुपान्तरण रातारात भएको थिएन । उनको अथक परिश्रम र आफै केही गर्छु भन्ने दृढताबाट यो संभव भएको हो ।

लु.वि.फे. नेपालले झापामा संचालित जनजाति समुदाय सशक्तीकरण परियोजनाबाट उनलाई प्रदान गरेको जमीनले उनलाई राम्रै सहयोग पुर्‍यायो ।

यस परियोजना अन्तर्गत गठन गरिएको समूहको दुई वर्षअघि सदस्य बनेपछि उनले पैसा बचत गर्न थालिन् । क्रमिकरुपमा उनी अर्को कृषि समूहमा सहभागी भइन् र विभिन्न किसिमको तालिम प्राप्त गरिन् । तर उनीसँग तरकारी खेती गर्न कुनै जग्गा थिएन । माथि उल्लेखित परियोजनाबाट समूहले सानो जग्गा लीजमा लिएर तरकारी खेती गर्ने सहयोग पायो ।

"तर काम गाह्रो थियो । हामीलाई त्यो जग्गा खेतीयोग्य बनाउन दुई महिना लाग्यो । तरकारी खेतीबाट जीवन स्तर माथि उठन सक्छ भन्ने कुरामा म त्यत्ति आशावादी थिइन," भन्छिन् सोनु बिगतलाई सम्झिँदै । उनले ०.०९ बिघा जति जग्गा प्राप्त गरेकी थिइन् । दोस्रो पटकको खेतीबाट उनले सामाग्री बेच्न थालिन् र राम्रो अम्दानी पनि हात पारिन् ।

"समूहमा आवद्ध हुनु अघि म कुवाको भ्यागुता जस्तै थिएँ । मलाई बाहिरी दुनियाँबारे थाहा थिएन । अब मैले परिवार पाल्न श्रीमान्मा आश्रित हुनु पर्दैन," उनी भन्छिन् ।

सफलताले उनको हात बाँधेको छैन । उनको योजना जीविकोपार्जनका विकल्पहरुलाई बढाउनु छ । दुईटा गोरुहरु किनेर खेतीलाई सहज पार्नु छ । गहुँ खेती पनि सामूहिक खेतीबाट गर्ने उनको इच्छा छ । अरु जग्गा ब्याज मराउनीबाट लिएर तरकारी खेतीलाई विस्तृत पार्न उनी चाहन्छिन् । (ब्याज मराउनी एउटा स्थानीय व्यवस्था हो जस अन्तर्गत केही पैसा जग्गा धनीलाई निश्चित अवधिसम्मको लागि दिइन्छ र जग्गा धनीले उक्त व्यक्तिलाई जग्गा उपभोग गर्ने अधिकार दिन्छ । जग्गाबाट हुने उत्पादनलाई ऋणको ब्याजको रुपमा लिइन्छ । )

व्यस्त जीवनबाट पनि उनले सामाजिक कार्यको लागि केही समय छुट्टाएकी छिन् । उनी आफ्नो समुदायका सदस्यहरुलाई परम्परागत कुरीति, स्वास्थ्य तथा सरसफाई, एचआईभी र प्रजनन स्वास्थ्य जस्ता विषयहरुबारे चेतना फैलाउँछिन् । सम्भवत: उनी पहिलो सन्थाल महिला हुन् जो स्थानीय विद्यालय व्यवस्थापन समितिको सदस्य छिन् ।

"हामी सबैले सामाजिक रुपान्तरणको लागि काम गर्नु पर्छ," उनी भन्छिन्, "कोही पनि आएर हामीलाई अधिकार दिँदैनन् । हामी हाम्रा अधिकारहरु माग्न आफै तम्सनुपर्छ ।"

*(लेखक पूर्वी क्षेत्र केन्द्र, लु.वि.फे. नेपालको प्रबन्धक हुन् ।)*

# गोल्धाप शरणार्थी ...

## सहयोग

आगलागीको खबर पाउने बित्तिकै लु. वि. फे. नेपालका शिविर व्यवस्थापन कर्मचारीहरु घटनास्थलमा पुगे र उद्धारकार्यमा सघाए । कर्मचारीहरु शरणार्थी शिविर नजिकको समुदायले र प्रहरीले गरेको सहयोग र कार्यबाट प्रभावित भए ।

"पहिले पहिले प्रहरीले ज्यादै थोरैमात्र सहयोग पुऱ्याउँथ्यो । तर यसपल्ट भने यस्तो भएन । सके चुनाव आउन लागेकोले हो कि ! संयोगवस्, गृहमन्त्री पनि त्यसबेला जिल्ला भ्रमणमा हुनुहुन्थ्यो," एक जना स्थानीय व्यक्तिले आफ्नो नाम नबताउने शर्तमा उक्त कुरा बताए ।

कारण जे भएपनि शरणार्थीहरुले प्रहरी र अरुबाट प्राप्त बाह्य सहयोगको सर्हाना गरे ।

घटनापछि लु. वि. फे. नेपालले अस्थायी पानी र सरसफाई संरचनाको व्यवस्था गर्ने जिम्मेवारी मुख्य रुपमा लिएको थियो । अरुबेला जस्तै संस्थाले खाद्य र गैरखाद्य सामाग्रीहरु र अरु दातृ निकायसँग उद्धार सामाग्री वितरणको संयोजन गरिरहेको छ ।

लु. वि. फे. नेपालको सहयोगमा एउटा आगलागी समिति प्रत्येक सातवटा शिविरहरुमा खडा गरिएको छ । सो समितिहरुले शिविरभित्र आगलागीबाट जोगिनको लागि अभिमुखीकरण कार्यक्रम चलाउँछन् ।

शरणार्थी बाल मञ्चहरुले "खरानी" नामक नाटक सन् २००७ मा प्रदर्शन गरे । स्थानीय पाथीभारा र कञ्चनजंगा एफ. एम. रेडियोबाट सार्वजनिक महत्वका आगलागी सम्बन्धी सूचना नियमित रुपमा प्रसारण गरिन्छ । इन्द्र तिमिल्सिनाले–जो स्वयं शरणार्थी हुन् र संचार माध्यमलाई परिचालन गर्ने काम गर्छन्–लु. वि. फे. नेपालको "सामयिक" सहयोगलाई धन्यवाद दिनुभयो ।

## सिकिएका पाठहरु

कसैको ज्यान नगएको उक्त घटनामा व्यवहारिक कठिनाइहरु आगलागी घटनापछि उप्किएर माथि आयो । खबर गरेको एक घण्टापछि ४ वटा दमकलहरु घटना स्थलमा आइपुगे । छतदेखि हवारहवारती बलेको आगो निभाउन कम्तीमा ५ घण्टा लाग्यो । शरणार्थीहरुले बताए अनुसार दमकलहरु बस्तीभित्र छिर्न सकेनन् ।

यो शरणार्थी शिविर सानो भएतापनि बस्ती भने घना छ । शिविरको भित्री बाटाहरु साँघुरिदै गएका छन् । कारण: यहाँका बासिन्दाहरुले रुखबिरुवा रोपेर, भाँडा माझ्ने ठाउँ बनाएर र तुलसीको मठ खडा गरेर बाटोलाई सानो पारेका छन् ।

ढिलै भएपनि शरणार्थीहरुले महसुस गरेका छन् कि बाटो चौडा र खुला राखियो भने उद्धार कार्य सहज हुन्छ ।

फागुण/चैत हावाहुरीलाग्ने मौसमको शुरुवात हो । डढेलो र आगलागीका घटनाहरु पनि यसै समयमा घट्छन् । आगलागी गोल्धाप शिविरको लागि कुनै नयाँ अनुभव होइन । तर भर्खरै घटेको जस्तो भीषण आगलागी भने यहाँ कहिले भएको थिएन ।

शरणार्थीहरुले दातृ र मानवीय निकायहरुसँग समान्य जीवन शिविरमा बिताउने स्थिति सिर्जना गर्न अनुरोध गरेका छन् ।

"मलाई आशा छ । झुपडीहरु फेरि बनाइने छन् । मलाई अरु केहि चाहिएको छैन । चाँडो भन्दा चाँडो पालको अस्थायी शिविर छोडेर पहिले जस्तै झुपडी बनाएर सर्न मन छ," अठ्सठ्ठी वर्षीया दुर्गादेवी खतीवडा भन्छिन् । शारीरिक रुपले अशक्त छोरीलाई आगो लागेको झुपडीबाट बाहिर निकाल्दा उनको हातमा चोट लागेको थियो ।

अरु धेरै शरणार्थीहरुको विचारलाई सहमती जनाउँदै उनी भन्छिन् सूर्यको किरणबाट चल्ने खाना पकाउने यन्त्र र बाटोको बत्तीको कारण आगो फैलिन मद्दत पुग्यो । "यस विषयमा टिप्पणी गर्न म त्यत्ति पढेलेखेको त छैन । तर म विशेषज्ञहरुलाई अनुरोध गर्न चाहन्छु कि यस्ता उपकरणहरुबाट प्रकोपको बेलामा पर्न सक्ने प्रतिकूल असरहरुबारे सभीक्षा गर्नुहोस् । यसै अनुरुप उपयुक्त पहल गरियोस्," भन्छिन् दुर्गादेवी ।

# मध्य पश्चिम र सुदूर-पश्चिम संचार

## लु.वि.फे. नेपाल र हातेमालो संचार समूहका संयुक्त रेडियो कार्यक्रमहरु

| रेडियो स्टेशन | ठाउँ | कार्यक्रम | दिन | समय |
|---|---|---|---|---|
| रेडियो बागेश्वरी एफ.एम. | नेपालगञ्ज | किरण: एचआईभी तथा एड्स | बिहिवार | साँझ ७:३० |
| फूलबारी एफ.एम | टिकापुर | किरण: एचआईभी तथा एड्स | बिहिवार | साँझ ७:३० |
| बुलबुले एफ.एम. | सुर्खेत | किरण: एचआईभी तथा एड्स | बिहिवार | साँझ ७:३० |
| रेडियो बागेश्वरी एफ.एम. | नेपालगञ्ज | नागरिक मञ्च | शनिवार | साँझ ७:३० |
| फूलबारी एफ.एम | टिकापुर | नागरिक मञ्च | शनिवार | साँझ ७:३० |
| बुलबुले एफ.एम | सुर्खेत | नागरिक मञ्च | शनिवार | साँझ ७:३० |
| शुक्लाफान्टा एफ.एम. | महेन्द्रनगर | नागरिक मञ्च | शनिवार | साँझ ७:३० |

# पूर्वी नेपाल शरणार्थी पैरवी रेडियो कार्यक्रम

लु.वि.फे.नेपालको सहयोगमा

| रेडियो स्टेशन | ठाउँ | कार्यक्रम | दिन | समय |
|---|---|---|---|---|
| पाथीभारा एफ.एम. | झापा | शरणार्थी सरोकार | बुधवार-शनिवार | साँझ ७:३०-८:३० |

सम्पादक वीणा खरेल

©LWF Nepal

लुथरन विश्व फेडेरेशन नेपाल
चुनदेवी मार्ग-४, महाराजगंज, काठमाडौं
टेलिफोन: ९७७-१-४७२०१५२, ४७२१२७१
पोष्ट बक्स: ३३३०, घर नं. २१७
फ्याक्स: ९७७-१-४७२०२२५
ईमेल : mail@lwf.org.np